हरेक खबर, विशेष खबर
जि.प्र.का.सि.द.नं. ११७/०७६/०७७
राष्ट्रिय दैनिक
# लहानपोस्ट
LAHANPOST DAILY




वर्ष : ०१ अंक : ५८ पृष्ठ : ४ २०७७ भदौ २६ गते शुक्रबार (Friday 11 September 2020) www.lahanpost.com मूल्य रु. ५।-
FOLLOW US facebook: lahanpost YouTube : lahanpost twitter : lahanpost instragram : lahanpost

# आफन्तजनसँग घरमैं बसेर जितिया पर्व मनाइँदै

लहान । जितिया पर्वको दोस्रो दिन अर्थात् मुख्य दिन ब्रतालु महिलाहरूले आफन्तजनसँग घरमैं बसेर पूजापाठ गरेका छन् । रमझमका साथ पूजापाठ गरिने यो पर्वमा यसवर्ष कोरोना महामारीका कारण खासै उल्लास छैन ।

जितिया पर्वको अवसरमा गाउँघरमा जिमुतवाहनको मूर्ती बनाएर सामूहिक रूपमा पूजापाठ गरिन्थ्यो भने त्यही अवसरमा मेला लाग्थ्यो । पूजापाठ गरिएपनि यसवर्ष गाउँघरमा मेला लागेको छैन । थारू समुदायमा सामूहिक रूपमा झाम्टा नाँच नाच्दै गाउँदै जितिया मनाउने चलन छ । तर उनीहरू पनि यसवर्ष घरघरमैं जितिया मनाइरहेका छन् । बिहान दर खाएपछि ब्रतालु महिला एकै थलोमा बसी गीत गाउँदै रमाइलो गर्थे तर यसपटक त्यस्तो हुन सकेन ।

विवाहित नारीले दुःख, जोखिम, विपद र दुर्घटनाबाट छोराछोरीको रक्षा होस् भन्ने कामनाका साथ ब्रत बस्ने चलन छ । यो पर्व विपद् तथा सन्तान रक्षाका लागि मनाइने किंवदन्ति छ ।

धार्मिक कथाअनुरुप यस पर्वमा सूर्यपुत्र जितमहानको पूजा गर्दै उपवास बसिन्छ । ब्रतालुले उनलाई संकट मोचक एवं सफलताको प्रतीकका रुपमा लिन्छन् । तिनदिनसम्म मनाइने जितिया पर्वको पूजा विधिअनुसार बुधबार ब्रतालुले नदी, पोखरी वा इनारमा रातो माटो र पिनाले नुहाएर चोखिएपछि घिरौंलाको



पातमा घिरौंलाको फूल, माटो र पिना चढाएर पूजा गरेका छन् । दोस्रो दिन बिहीबार विहान दिन भिसेमिसे विहानीमा घरभित्रै सूर्यपुत्रलाई उही रीतले पूजा गर्दै फलफूल, मिष्ठान्न, खीर र पुरीको भोग लगाएर ब्रत बसेका छन् ।

तेस्रो दिन आज विहान सूर्योदयसँगै घर(आँगन लिपपोत गरि चोख्याएर स्नान गर्न जाँदा सम्पूर्ण पुजन सामग्री नदीमा बगाउने चलन छ । विहान सूर्य उदय हुनुपूर्व ब्रतालु महिला 'अंगुठन' गर्छन । विहान घिरौंलाको पातमा च्युरा दही, केला, अमोट (आँपको रसबाट बनाएको परिकार) आदि प्रसाद चढाई सपरिवार प्रसाद ग्रहण

बाँकी ३ पेजमा

# डुबेर २ को मृत्यु

*लहान । खोला र दहमा डुबेर सिरहामा बिहीबार दुई जनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार अर्नमा गाउँपालिका-३ स्थित मैनावति खोलाको पानीमा नुहाउने क्रममा डुबेका १० वर्षीय चन्दन महतोको स्थानीय क्लिनिकमा उपचारका क्रममा मृत्यु भएको हो । घटनाबारे थप अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।*

*त्यसैगरी सिरहाको मिर्चैया नगरपालिका-९ स्थित कमलदह पोखरीमा डुबेर बिहीबार एक महिलाको मृत्यु भएको छ । प्रहरीका अनुसार २० देखि २२ वर्षको देखिने मृतक महिलाको पहिचान खुलेको छैन ।*

*इलाका प्रहरी कार्यालय मिर्चैयाका प्रमुख डिएसपी सन्तु जैसवालका अनुसार कमलदहमा महिला डुबेको अवस्थामा देखेको खबर पाएपछि साँझ पौने सात बजे घटनास्थलमा प्रहरी टोली पुगेको थियो । जितिया पर्वमा ब्रतालु महिला नुहाउन गएको बेला डुबेको हुनसक्ने प्रहरीको अनुमान छ । घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ ।*

# करेन्ट लागेर मृत्यु

लहान । करेन्ट लागेर सिरहामा बिहीबार एकजनाको मृत्यु भएको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार खेतमा सिँचाइका लागि मोटरबाट पानी तान्ने क्रममा विद्युत प्रवाह भई करेन्ट लाग्दा बिष्णुपुर गाउँपालिका-१ का ५५ वर्षीय गौरी यादवको मृत्यु भएको हो ।

करेन्ट लागेर घाइते भएका यादवलाई उपचारका लागि धनगढीस्थित आरके मेडिसिटीमा पुर्‍याइएको थियो । अस्पतालले यादवको मृत्यु भएको घोषणा गरेको थियो । घटनाको अनुसन्धान भइरहेको प्रहरीले जनाएको छ । उनी बिष्णुपुर गाउँपालिका वडानम्बर १ बाट स्थानीय तह निर्वाचनमा तत्कालीन संघीय समाजवादी फोरमबाट वडाध्यक्षका प्रत्यासी उम्मेदवार थिए ।

## भरुवा बन्दुक बरामद

लहान । प्रहरीले सिरहाको गोलबजारबाट बिहीबार एक थान भरुवा बन्दुक बरामद गरेको छ । जिल्ला प्रहरी कार्यालय सिरहाका अनुसार प्रहरी गस्ती टोलीले बेवारिसे अवस्थामा रहेको एक थान भरुवा बन्दुक सिरहाको गोलबजार नगरपालिका-१० बाट बरामद गरेको हो ।

# मिर्चैया नगरपालिकामा अनियमितता भएको भन्दै स्थानीय राजनीतिक दल आन्दोलित

लहान । मिर्चैया नगरपालिकामा व्यापक अनियमितता भएको भन्दै त्यहाँका स्थानीय राजनीतिक पार्टीहरूले त्यस विरुद्ध सर्वदलीय रूपमा आन्दोलनको घोषणा गरेका छन् । सर्वदलीय संयुक्त संघर्ष समितिले पत्रकार सम्मेलन गरि आन्दोलनको घोषणा गरेका हुन् ।

पत्रकार सम्मेलनमा जारी प्रेस विज्ञप्तीमा भदौं २६ गते मिर्चैया बजारमा न्याली प्रदर्शन,




२८ गते राघोपुरमा नगरपालिकाको गतिविधिबारे चर्चा र असोज २ गते आन्दोलनको समिक्षा गर्दै आउने दिनको आन्दोलनका प्रारूप तय

बाँकी ४ पेजमा


# श्री पशुपति आर्दश मा.वि.

लहान मटियर्वा-७, सिरहा

## भर्ना सम्बन्धी सूचना

**कक्षा १ देखि ९ सम्म र कक्षा ११ का सबै बिषयमा नयाँ भर्ना खुलेको हुँदा भर्ना गराउन हुन सम्पूर्ण विद्यार्थी, अभिभावकज्यूहरुमा यसै सूचनासाथ अनुरोध गरिन्छ । बिहान ७:०० बजे देखि ११:०० बजे सम्म विधालय प्रशासन मा सम्पर्क गर्नुहुन जानकारी गराइन्छ !**

**संकायहरु**

१) विज्ञान संकाय २) बाणिज्य संकाय
३) शिक्षा संकाय ४) मानविकी

- ग्रामीण विकास र कम्प्यूटरको विशेष व्यवस्था छ ।
- पाठ्यपुस्तक पनि वितरण हुनेछ ।

समय : विहान ६:०० - १२:०० बजे सम्म

**सम्पर्क नं.**

प्र.अ. ९८४२८२७८६७ स.प्र.अ. ९८५२८३२३६९
श्री प.आ.मा.वि. लहान ☎०३३-५६०२१३



**भित्री पृष्ठमा**

जितिया पर्वको एक झलक
पेज २ मा

नागरिक समाज र स्थानीय सरकारबीचको सहकार्य
स्तम्भ : पालिका बहस
पेज ४ मा






# फ्रेन्डस मोडल हस्पिटल, लहान-३

(शिव मन्दिरको उत्तरपट्टि रघुनाथपुर)

**हाम्रो सेवाहरु**

NICU सहितको प्रसुति सेवा
२४ औं घण्टा इमरजेन्सी सेवा

**डाक्टरहरु**

बालरोग विशेषज्ञ डा. वृजेन्द्र यादव
मधुमेह, प्रेसर डा. ल्युस्युन यादव
प्रसुति रोग विशेषज्ञ डा. विरेन्द्र यादव

# सम्पादकीय

## सम्बन्ध प्रगाढ बनाउने माध्यम जितिया पर्व

तराई क्षेत्रमा जितीया पर्व श्रद्धा र भक्तिपूर्वक मनाईंदै छ । यसवर्ष कोरोना भाइरसको त्रासका कारण समूहमा खोला, नदीमा नगई परिवारका सदस्य मिलेर भौतिक दूरी कायम गरेर जितिया पर्व मनाइरहेका छन् । विवाहित नारीले दु:ख, जोखिम, विपद र दुर्घटनाबाट छोराछोरीको रक्षा होस् भन्ने कामनाका साथ व्रत बस्ने चलन छ । यो पर्व विपद् तथा सन्तान रक्षाका लागि मनाइने किंवदन्ति छ ।

धार्मिक कथाअनुरूप यस पर्वमा सूर्यपुत्र जितमहानको पूजा गर्दै उपवास बसिन्छ । ब्रतालुले उनलाई संकट मोचक एवं सफलताको प्रतीकका रूपमा लिन्छन् । तिनदिनसम्म मनाइने जितिया पर्वको पूजा विधिअनुसार बुधबार ब्रतालुले नदी, पोखरी वा इनारमा रातो माटो र पिनाले नुहाएर चोखिएपछि घिरौंलाको पातमा घिरौंलाको फूल, माटो र पिना चढाएर पूजा गरेका छन् । दोस्रो दिन बिहीबार विहान दिन झिसेमिसे विहानीमा घरभित्रै सूर्यपुत्रलाई उही रीतले पूजा गर्दै फलफूल, मिष्ठान्न, खीर र पुरीको भोग लगाएर ब्रत बसेका छन् ।

तेस्रो दिन आज विहान सूर्योदयसँगै घर(आँगन लिपपोत गरि चोख्याएर स्नान गर्न जाँदा सम्पूर्ण पुजन सामग्री नदीमा बगाउने चलन छ । विहान सूर्य उदय हुनुपूर्व ब्रतालु महिला 'अंगुठन' गर्छन । विहान घिरौंलाको पातमा च्युरा दही, केला, अमोट (आँपको रसबाट बनाएको परिकार) आदि प्रसाद चढाई सपरिवार प्रसाद ग्रहण गर्छन् । पितृपक्षमा हुने यस पर्वमा ब्रतालु महिला आ-आफ्ना स्वर्गीय आमा, सासुलगायतका महिला पितृलाई नैवेद्य चढाउँछन् । पूर्णरुपले उपवास बसेकी ब्रतालुले घर फर्केर आँगनमा उसैगरि विधिवत् पूजा गरेपछि अन्न ग्रहण गरेपछि यो पर्व सकिन्छ ।

सन्तानको दीर्घायु तथा सुख समृद्धिका लागि गरिने यस पर्वको मिथिलामा विशेष महत्व छ र । यो पर्व भाईबहिनी बीचको स्नेहपूर्ण मिलन हो भने दुई कुटुम्ब र अन्य नातेदारहरु बीचको सम्बन्ध प्रगाढ बनाउने एउटा माध्यम पनि हो । संसारका जति पनि उत्पत्तिहरु छन् सबैको बीचमा सम्बन्ध जोडिएको हुन्छ र कुनै एकको बिनाश भएमा त्यसको असर सबैलाई पर्छ भने सन्देश यो जितिया पर्वले दिएको छ । कथामा आमा र सन्तान बीचको पनि घनिष्टता दर्शाएको छ भने कुनै पनि काम निष्ठा तथा नियमपूर्वक विधि पुर्‍याएर गरेमा सफलता अवश्य हात पर्छ भन्ने कुराको जानकारी समेत गराएको छ । कथाको अर्को पक्ष सबैले मिलेर बस्नु पर्छ, कसैले पनि घमण्ड गर्नु हुँदैन किनकि यस संसारमा वीर भन्दा पनि वीर छन् । त्सकारण यस पर्वको पौराणीक कालमा जति महत्व थियो आज यसको महत्व झन बढेर गएको, फलस्वरुप यसले मानवलाई सधैं सचेत गराइ रहन्छ । जितिया पर्वको सबैमा शुभकामना ।


## कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा मास्कको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोऔं । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

लक्ष्मीपुर पतारी गाउँपालिका कार्यालय, सिरहा


# जितिया पर्वको एक झलक

बुद्धसेन चौधरी

*'अनेकतामा एकता साँस्कृतिक विविधता यही नै हो नेपालको विशेषता'*

नेपाल मुलुक भित्र हिमालदेखि तराईसम्म र मेचीदेखि महाकालीसम्म छरिएर रहेका विभिन्न जातीय समुदायहरुका आ-आफ्नै किसिमका संस्कृति र परम्पराहरु छन् । यस देशमा रहेको संस्कृतिहरुलाई जति वर्णन गरे पनि कम हुन जान्छ । अनादिकालदेखि तराई र भित्री तराईमा छरिएर बसोबास गरि आएका संस्कृतिका धनी आदिवासी थारु समुदायको पनि आफ्नै छुट्टै परम्परा र संस्कृतिहरु छन् । यस जातिका अनेक चाँड पर्वहरु मध्ये जितिया पनि एक हो । यो पर्व हरेक वर्ष आश्विन कृष्ण पक्ष सप्तमी, अष्टमी र नवमी तिथि अर्थात् विजयादशमीको घटस्थापना दिनदेखि ९-१० दिन अगाडि मनाईने परम्परा रही आएको छ । आदिकालदेखि थारु महिलाहरुले हर्षोल्लासपूर्वक यो चाँड मनाई ब्रत बस्ने भए पनि पछि पछि थारु समुदायमा मिसिन आएका अन्य समुदायका महिलाहरुले पनि मनाउँदै आएकोले यसलाई सम्पूर्ण तराईबासीका साझा पर्वको रूपमा पनि लिइएको पाईन्छ ।

यस पर्वमा दाजुभाईले दिदी बहिनीहरुलाई ससुरालीबाट माइती ल्याउने चलन छ । दाजुभाई नहुने दिदी बहिनीहरुलाई माइती पक्षका अन्य नातेदारहरुले पनि आफ्नो चेलीबेटीहरुलाई लैजाने गर्दछ । सक्दो यो ब्रत माइतीमा नै लिने चलन छ । कारणवस माइती जान सकेन भने आफ्नो घरमा पनि ब्रत लिन सकिन्छ । केही कारणवस माइती पक्षबाट लिन आएन वा खबर गरेन भने आफै माइत जाने चलन छैन् । पर्व भन्दा १,२ दिन अगाडि माइती पक्षले लिन आउने चलन छ । आफूलाई लिन आउने नातेदार तथा कोसेली लैजानको लागि चेलीबेटीहरुले हप्तौ अगाडिदेखि तयारी गरिरहेका हुन्छन् । लिन आउनेको स्वागतको लागि विशेष किसिमको परिकारहरु जुटाएका हुन्छन् जसमा परेवाको मासु पनि एक हो । माछा मासु नखानेको लागि त्यस्तै किसिमको चाँजोपाजो मिलाएको हुन्छ ।

यो पर्वमा विवाहित महिलाहरुले मात्र उपवास बसि ब्रत लिने मान्यता रहेपनि यसको सफलताको लागि परिवारका अन्य सदस्यहरुको भूमिका र जिम्मेबारी रहेको हुन्छ । केटाकेटीहरु आ-आफ्ना मामा घर जाने भएकोले उनीहरु बेग्लै किसिमको उमंग र स्वतन्त्रता महशुस गरि रमाईरहेका हुन्छन् भने धेरै दिनको अन्तरालपछि भेट भएका दिदी बहिनी तथा सखी सहेलीहरु एक आपसमा हाँसी ठट्यौलीका साथै आफ्नो आफ्नो कथा व्यथा साटा साट मै मस्त रहेका हुन्छन् । अन्य सदस्यहरु श्रद्धालु ब्रत बस्नेहरुको लागि सर-समानहरु जुटाउनमा नै लागि परेका हुन्छन् । यस प्रकार गाउँघरमा आनन्द पूर्ण वातावरणको श्रृजना भई सबैजना दुःख, कष्ट र समस्याहरुलाई थाँती राखि आ-आफ्नो कामसँग रमाइरहेका हुन्छन् । यस पर्वमा जितमहान देउताको पूजा गरिन्छ । जित भनेको जित्नु अर्थात् विजय प्राप्त गर्नु हो भने महानको अर्थ विशाल वा ख्याती प्राप्त गर्नु हो । जित र महान यी दुई शब्दको समिश्रणबाट जितमहान बन्न गएको हो । सफलताको प्रतिकको रूपमा सूर्यको छोरा जितमहानको ब्रत बस्ने तथा पूजा गर्ने बेग्लै विधिहरु छन् । यो ब्रत हरेक साल लिनु पर्दछ । ब्रत बस्नको लागि शुद्ध दिन अर्थात् आश्विन कृष्ण पक्ष सप्तमी तिथिको दिन शनिबार **लाइ** (नुहाइ धुवाइ, तयारी), अष्टमी तिथि आइतबार **उपास** (पानी समेत नखाई भोकै बस्ने ) र नवमी तिथि सोमबार **पारन** (विधीपूर्वक भोजन सुरुवात) गर्ने तिथिमिती परेको साल हुनुपर्दछ, अनि मात्र यो ब्रतको सुरुवात गर्न सकिन्छ ।

**लाइ** अर्थात् सुरुको दिन ब्रतालुहरु विहानै सबेरै उठेर नदी , खोला, पोखरी, इनार इत्यादिमा गई नुहाइ धुवाइ गरि माटो ( चिकनी माइट) र पिना(खैर) ले कपाल पखाली घिरौला (घेरा) को पातमा घिरौलाको फूल, माटो र पिना पूर्वतिर फर्केर भिजेकै कपडा लगाइ चढाउने गर्छन् । दिनभरी खानपिनको तयारीमा व्यस्त रहन्छन् । पुरुषहरु नदी, पोखरी, तलाउ इत्यादिमा गई माछा मार्छन् । यस पर्वमा खानपिनको खासै बन्देज नभएपनि **लाइ**को दिन मासु खाने चलन छैन भने केही खाने कुराहरु अनिवार्य नै हुन्छ । जस्तैः- माछा, ओल(एक किसिमको माटेमुनि फल्ने तरकारी), मरुवा (कोदो), इत्यादि । यसरी सरसमानहरु जुटाइ साँझ सबेरै खानपिन गरि सुत्छन् र राति नै उठेर विभिन्न किसिमको परिकारहरु पकाउनमा जुट्छन् । खानपिनको तयारी भैसकेपछि सबैरै अर्थात् काग कराउनुभन्दा अगाडि सप्तमी तिथि भित्रनै देउताघरको दलिनमा पूर्व फर्केर घिरौलाको पातमा दुई ठाउँमा चिल्ही र सियारीनलाई दही, च्युरा, सखर, सुपारी चढाउँछन्, त्यसपछि खानपिन गर्छन्, जसलाई दर खाने (ओटघन) भनिन्छ । यसको बारेमा एउटा उखान छ ।

जितिया पावैन बर भारी !
धियापुता के ठेइक सुताबी !!
अपना त्या भैर थारी !!!

अर्थात यो पर्व एकदम कठिन र महत्वपूर्ण पर्व हो । यसमा आफ्नो सन्तानहरुको लागि नै ब्रत बस्ने भएपनि राति विभिन्न परिकारहरु पकाउने र खाने बेलामा साना साना केटा केटीहरुले कठिनाइ उत्पन्न नगरोस् भनेर उनीहरुलाई थपथपाएर सुताउने गर्छन् र आफूहरु थालभरि मिठोमिठो परिकारहरु लिएर खाने गर्छन् । साथै खानसक्ने बाल-बच्चाहरुलाई पनि उठाइ उठाइ खुवाउने गर्दछन् ।

दिउँसो ब्रतालु दिदीबहिनीहरु सामूहिक रूपमा आँगन वा दुवारमा चारकुने सानो पोखरी खन्छन् । पुजाको लागि डालो तयारी गर्छन, जसमा बिखमान (विशेष किसिमको कर्कलो) को पात, केराको पात, घिरौलाको पात र फूल, जितियाको फूल, तुलसीको पात, हल्दीको फूल, बैटरा (सानो केराउ), अक्षता(अर्वा चौर), करुतेल (तोरीको तेल), सिन्दुर, सिकी, गौरा खर, फलफूल, दही, च्युरा, सखर, धानको मोइर, रातो, पहेलो, कालो रंगको ध्वजा, इत्यादि रहेका हुन्छ । सबैजना विधिपूर्वक तयारी भइसके पछि कथा वाचकले कथा प्रारम्भ गर्छ ।

कथामा पृथ्वीको उत्पत्तिदेखि ब्रह्मा, विष्णु, महादेवको जन्म र मानव श्रृष्टि तथा अन्य जीवजन्तुहरुको उत्पत्ति सम्बन्धि पौराणिक धारणाहरुको वर्णन गरेको छ । प्राचीन समयमा उत्तरी भारतीय प्रायद्विपमा सारीवाहन नाम गरेको एउटा महाप्रतापी राजा थियो । राजाको मसवासी नाम गरेकी एउटी राजकुमारी थिइन् । राजकुमारी विहान सबैरै सूर्य उदाउनु भन्दा पहिला नै नदीमा स्नान गरि आफ्नो बासस्थानमा फर्कि पूजाआजा गर्ने गर्थिन् । एक दिन मसवासीलाई उठ्न ढिलो भएछ र स्नान गरि फर्कदा सूर्य उदाइ सूर्यको किरण मसवासीको शरीरमा पर्न गइ गर्भ रहन जान्छ । समय पुगेपछि मसवासीबाट एउटा बालकको जन्म हुन्छ । बालक हिडडुल गर्न थालेपछि आफ्ना उमेरका अन्य बालबच्चाहरुलाई कुनै पनि कुरामा जित्ने भएकोले उसलाई सबैले जितुवा नामले बोलाउन थाल्छ भने बाबुको नाम थाहा नभएकोले उसलाई अनेर्वा पनि भन्ने गर्छन् ।

एकदिन सबैजना मिलेर उसलाई हराउने उपाय सोच्छन् । आमाको नाम लिएर घर भित्र छिर्ने र बुबाको नाम लिएर घर बाहिर आउने अन्धाअन्धिको खेल खेल्छन् । सबैजना घरबाट बाहिर आउँछन् तर जितुवालाई बुबाको नाम थाहा नभएकोले घरभित्रै पसिरहेको हुन्छ । यो कुरा थाहापाई मसवासीले आएर जितुवालाई तिम्रो बुबाको नाम सूर्य हो भनी जानकारी गराउँछिन् । त्यसपछि जितुवा सूर्यलाई भेट्न भनी घरबाट निस्कन्छ । निकै दिनपछि सूर्य मानवको रूप धारण गरि जितुवालाई दर्शन दिन्छ र म नै तिम्रो बुबा सूर्य हुँ भनी जितुवालाई घर फर्कन सल्लाह दिन्छ । साथै आजदेखि तिम्रो नाम जितमहान रहयो भन्छ । तिमी गएर गाउँ नगरमा सबैलाई सुनाइदिनु कि आश्विन कृष्णपक्ष सप्तमी तिथिमा **लाइ**, अष्टमीमा **उपास** र नवमीमा **पारन** गरि निष्ठापूर्वक यो ब्रत जसले गर्छ त्यसलाई सन्तान प्राप्ति हुनुका साथै सन्तान सुखसमृद्ध रहन्छ । त्यही विश्वास अनुसार हालसम्म यो ब्रत बस्ने चलन रही आएको छ । अहिले पनि थारुसमुदायमा बाल बालिकाको नाम राख्दा उसको स्वभाव र बानी व्यहोरा अनुसार राख्ने चलन छ । थाकहरुको वंश र कुलको पहिचान उनीहरुको पूर्खाकै नामबाट हुन्छ र कुल देवताको रूपमा पनि आफ्नै पुर्खालाई पुज्ने गर्छन् । त्सकारण यो पर्वसँग थारुहरुको वंशानुगत सम्बन्ध रहेको छ । जितमहानको भनाइ अनुसारको समय आएपछि गाउँ र नगरको दिदीबहिनीहरु नर्मदा नदीको शर्वदा किनारमा जम्मा भई ब्रत बस्न नुहाइरहेको देखेर त्यही नदी किनारमा रहेको पाकैरको रुखमा गुँड बनाएर बसेको चिल र रुखको टोड्कोमा बस्दै आएको स्याल पनि एक आपसमा सल्लाह गरि जितमहानको ब्रत लिन्छन् । ब्रतको क्रममा चिलले निष्ठापूर्वक विधि पुर्‍याएर उपवास बसी ब्रत पूरा गर्छिन भने स्याल राति लुकेर मासु खाई ब्रत भ्रष्ट गर्छिन । जसको परिणम अर्को जन्ममा चिलको बच्चाबच्ची हुन्छन भने स्यालको हुँदैन र हुँदा पनि बच्चाहरु मरेर जान्छन् । यसको कारण पछि स्यालले पूर्व जन्ममा गरेको जितिया पर्वको परिणाम हो भनेर थाहा पाउँछ ।

त्यसपछि उनीहरु पुनः अर्को जन्ममा दिदी बहिनीको रूपमा जन्म लिन्छिन् जसलाई एउटा ऋषिले बिहे गरेर लैजान्छ । उनीहरुको सेवाबाट प्रभावित भई कदु (चिल) लाई दुइटा अण्डा दिन्छ, जस मध्येबाट एउटा अण्डा मुईमा झरेर सिमलको रुख बन्छ भने अर्को अण्डा गरुड बन्न जान्छ । बोता(स्याल)लाई एउटा अण्डा दिन्छ जसबाट सर्प ( करिया दराद) जन्म लिन्छ । आमाहरुको कारण गरुड र सर्प दुई भाईमा झगडा भई लडाई हुन्छ, जसमा गरुडको जित हुन्छ । त्यस जितपछि गरुड निकै घमण्डी बन्छ र संसारमा मलाई जित्ने कोहीपनि छैन भनी गुमान गर्छ तर त्यसको घमण्डलाई बसहा गोरुले आफनो नाकको हावाबाट उडाई गरुडको घमण्ड चकनाचुर गरि दिन्छ । यस किसिमले जितिया कथा समाप्त हुन्छ । कथा समाप्त भए पछि भाईले दिदी बहिनीलाई सिकीको धनुष र सिकी कै वाणबाट तिन चोटी पिठ्युमा हान्छ, छोरा छोरा भएका माइज्यू वा काकी वा भाउज्यूहरु कुशबाट ब्रतालु महिलाहरुलाई दात कोट्याइ दिन्छ तथा कथा सुनिरहदा बीच बीचमा कथा बाचकको आदेशानुसार कहिले सूर्य त कहिले जितमहान तथा गरुड, चील, स्याल आदिको नाममा खनेको पोखरी नजिकै पूर्व फर्केर पूजा गर्नु पर्छ । पूजा समाप्ति पछि कथा बाचकलाई दान दिइ बिदाइ गरि सरसम्मानहरु डालेमा राख्छन् ।

साँझ परिसकेपछि गाउँघरमा रातभर विभिन्न किसिमको नाच जस्तै धुमरा, सोरठी, मान, झमटा इत्यदि नाच गरेर ब्रतालु तथा अन्य सबैले मनोरञ्जन गर्ने परम्परा रहिआएको छ ।

अन्तिम दिन बिहान सूर्य उदाएपछि घर आँगन गोबर माटोले लिपपोत गरेर नुहाइ धुवाइ गर्न जाँदा डालोमा भएको सम्पूर्ण पूजा सामग्रीहरु पोखरी, नदी इत्यादिमा प्रवाह गरि नुहाइ धुवाइ गर्छन् । घर आइसके पछि आँगनमा पूर्वतिर फर्केर चौका बनाई सिन्दुर र तेलले दुइवटा ठाडो धर्का तान्छन् बीचमा पानको पात राखी त्यस माथि सुपारी, दही, च्युरा, बैटारा, अक्षता, तुलसीको पात चढाउँछन् । उक्त समयमै गौरा खर कान्छी औंला र बुढी औंलाको सहायताले सानो सानो टुक्रा भाँची क्रमशः पूर्व, पश्चिम, उत्तर र दक्षिण दिशातिर तिन चोटी फाल्ने गर्छन् । पूजामा जलढार (जल चढाउनु) गरि पाँच वटा बैटरा, पाँच वटा अक्षता दाँतमा नछुवाइकन निल्छन्, अलिकति दही, च्युरा खाएर भोजनको

बाँकी ३ पेजमा

# बिपी र विकास

## गाउँघर

राजकुमार राउत

२००७ सालको क्रान्तिपछि २०१५ को महा-आमनिर्वाचनबाट गौरवपूर्ण विजयप्राप्त गरि प्रथम पटक जननिर्वाचित प्रधानमन्त्री बिपी कोइराला भएका थिए । बिपी कोइरालाले आफूलाई निम्नमध्यम वर्गीय आर्थिक स्तरको व्यक्तिको रूपमा त्यसताका भनेका थिए । प्रधानमन्त्री भएको बखत राजा महेन्द्रसँग भएको आर्थिक विषयको छलफलमा बिपीले १५ बर्ष भित्र नेपालका प्रत्येक परिवारलाई आफू जस्तो बनाउन सकिन्छ भन्ने धारणा राखेका थिए । त्यसको २० बर्ष पछि २०३७ सालमा आर्थिक अवस्था नेपालको झन् नाजुक भएको भन्ने बिपी को आर्थिक विश्लेषण थियो । त्यस बखतमा योजना आयोगका तथ्यांकहरू र अर्थशास्त्रीहरू पाँचौ पञ्चवर्षीय योजनाकालमा पाँच प्रतिशत राष्ट्रिय उत्पादन बढाउने लक्ष्य राखेकोमा केवल २ प्रतिशत उत्पादनमात्र बढ्यो र त्यसै अवधिमा जनसंख्याको बृद्धि दर झनै २.३ प्रतिशत रहयो । जनसंख्याको बृद्धिदरसँग तुलनागर्दा विकासको दर ०.३ प्रतिशतले घटेको देखियो ।

बिपीको दृष्टिकोण अनुसार विकास भनेको के हो ? त्यस समयको तथ्यांकले देखाउने विकास वास्तविक विकास हो ? वा विकास कसका लागि हुन्छ । विकास शहर वा गाउँ वा अनुमानमा मात्र भएको छ । बिपीको भनाइ अनुसार उनी एउटा समारोहमा भागलिई फर्केका थिए । समारोह भित्रको वातावरण र बाहिर अड्याएका गाडीहरू देख्नेले नेपालमा ठूलो विकास भएको भन्ने विचार राख्न सक्थे र नेपालका मानिसहरू धेरै धनी भएका छन् भन्न सक्थे । बिपीको भनाइ अनुसार त्यसै दिन पहाड र ग्रामीण क्षेत्रबाट काठमाडौंमा डेरा गरेर बस्ने केही विद्यार्थीहरूको कोठामा गएका थिए । त्यसभित्र सानो कोठामा ६/७ जना कोचिएर बसेको र सुकुल बिछ्याइएको थियो र त्यसलाई मैलो तन्नाले ढोकेको थियो र तकियाहरू पनि बिनाखोल मैलो थियो । त्यहाँ नजीकै एउटा फोहोर होटल थियो त्यसैमा तिनीहरू खान्थे । होटलमा कहिले पनि सफा तथा स्वस्थकर खाने दिने गरिदैन्थ्यो । बिपीले ती दुइटा अनुभवले आफूलाई दुईटा नेपाल भएको लाग्यो । एउटा महँगो मोटर गाडी चढ्ने नेपाल र अर्को गाउँको गरीब नेपाल ।

बिपीले त्यस बखत आर्थिक सोच गरि चिन्ताव्यक्त गरे, नेपालमा केही सडकहरू बनेका छन्, केही बिजुलीको उत्पादन भएको छ, हवाई यातायातको विकास भएको छ तर नेपालमा एभ्रो वा जेट विमान चढ्ने कतिजना छन् ? बिजुली कतिले उपभोग गर्न पाएका छन् ? त्यसैले ठूला घरहरू होटेलहरू ठूला सडकहरू, मोटर गाडी, हवाई जहाज र केही औद्योगिक उत्पादन बृद्धि भएको तथ्यांकको आधारमा मात्र विकास भएको भन्ने आफूलाई नलागेको बिपीको धारणा थियो । विकासको योजना बनाउने कुनै पनि सरकारले विकास के हो र कसका लागि प्रश्नको जवाफ खोजेर मात्रकार्य गर्नुपर्छ ।

यहाँका केही ठूला शहरहरू मात्र नेपाल हो कि गाउँ पनि हो ? विकास गरेको निकाय वा अंगले ग्रामीण क्षेत्र वा परिवारलाई के दियो वा गऱ्यो भन्ने प्रश्नको जवाफदिन सक्नुपर्छ । त्यसैले आफू प्रधानमन्त्री हुँदा योजना आयोगको बैठकमा बिपीले पदाधिकारीहरूलाई राजासँगै आफ्नो झुपडीको अगाडी उभिएको एउटा गरीब गाउँलेको



तस्वीर राख्ने निर्देशन दिएका थिए । बिपीले त्यस गरिब किसानलाई के लाभ दिन सक्छ भने सोच्नुपर्छ । त्यस किसानलाई कस्तो लाभ भएको छ ।

हामीले विकास गर्दा अमेरिकाको नमुना देखाएर उदाहरण दिने गरेका छौं । त्यो एकदम गलत हो । यस्तो गल्तीबाट कम्युनिष्ट देशहरू समेत मुक्त छैनन् । रूसले जहिले पनि विकासको रेखाचित्रलाई अमेरिकाको तुलना गर्दछ ।

अमेरिकाको चर्चा गर्दा बिपीको अनुसार अमेरिकामा संसारको ६ प्रतिशत जनसंख्याको बसोबास छ र अमेरिकाले आफ्नो औद्योगिक विकासको संरक्षणका लागि स्वदेशी तथा विदेशी गरि संसारका ३० प्रतिशत प्राकृतिक साधन उपभोग गर्दछ । ६ प्रतिशत जनताले संसारको ३० प्रतिशत स्रोत उपभोग गर्दछन् ।

आज हाम्री देशमा औद्योगिकरणको विषयमा कुरा गर्छौं । औद्योगिककरण वा सहरीकरण भनेको त्यस्तो प्रक्रिया हो जसले ग्रामीण जनतालाई बेवास्ता गरेर सहरको मात्र विकास गर्दछ । आजपनि पढाई लेखाईका लागि सहर नै जानुपर्छ, औषधिमूलोको लागि, किनमेलका लागि, मनोरंजनका लागि सारांशमा हरेक आवश्यकताका लागि जनता सहरमुखी हुनुपरेको छ । बिपीको विचारमा आर्थिक विकास भनेको उपभोग्य वस्तुहरूको उत्पादन गर्नका लागि प्राकृतिक स्रोतहरूको परिचालन गर्ने प्रक्रिया हो । राजनीतिक विकास भनेको मानिसहरूलाई परिचालन गर्ने प्रक्रिया हो । अमेरिकामा साधन, श्रोत र पूँजीलाई राष्ट्रको विकासमा कसरी र कति प्रयोग गर्ने भन्ने मात्र प्रश्न छ । अर्थात त्यहाँको समस्या बजेटको बाँडफाँडसँग छ, स्वास्थ, शिक्षा वा अन्य क्षेत्रहरूमा कति रकम कसरी छुट्याउने भन्ने छ भने हाम्रो देशमा यी सबै क्षेत्रमा विकास गर्नका लागि साधन, श्रोत र पूँजी कहाँबाट जुटाउने भन्ने समस्या छ । श्रोत नजुटने अवस्थामा मानवशक्तिलाई पनि जड शक्ति जस्तो ठानेर विकासकालागि परिचालन गर्न खोजियो भने त्यसको परिणाम आज नेपालको जुन दुर्दशा छ । त्यही हुन्छ ।

वर्तमान अवस्थामा कम्युनिस्टहरू पकड रहेको एकलौटी अत्याधिक बहुमतको सरकार छ । विकासको सन्दर्भमा बाँडफाँड र विनियोजन तथा कार्यान्वयनमा इमान्दारी बिलकूल छैन् । संघीय सरकार, प्रदेशिक सरकार तथा स्थानीय सरकारमा पनि विकास हुने वा गर्ने भन्दा आफ्नो मान्छेलाई आर्थिक बलियो पार्ने, कमिशनवाद, नातावाद, कृपावाद, चलखेलवाद, हावीफ र विकासको गति कछुवा गतिमा चलायमान छु जो चिन्ताको विषय छ । इमान्दारी, नैतिकता, राष्ट्रपतिको प्रेम जनसेवालाई मूलमन्त्र मानी हरेर सरकारले काम गऱ्यो भन्ने बिपी, गणेशमान र गिरिजाप्रसाद तथा वामपन्थी पुष्पलाल, मनमोहन अधिकारी प्रति सम्मान हुन जानेछ । अस्तु ।

### आफन्तजनसँग ...

गर्छन् । पितृपक्षमा हुने यस पर्वमा ब्रतालु महिला आ-आफ्ना स्वर्गीय आमा, सासुलगायतका महिला पितृलाई नैवेद्य चढाउँछन् । पूर्णरूपले उपवास बसेकी ब्रतालुले घर फर्केर आँगनमा उसैगरि विधिवत् पूजा गरेपछि अन्न ग्रहण गरेपछि यो पर्व सकिन्छ ।

### जितिया पर्वको ...

सुरुवात गर्छन् । त्यसपछि आफूखुशी खान्छन् । चढाएको दही, च्यूरा केटाकेटीहरूलाई प्रसाद स्वरूप बाँड्छन् भने पान र सुपारी आफै खाने गर्छन् । त्यसदिन गाउँघरमा माछा हैन मासु खानामा अनिवार्य हुने गर्छ । टोलमा खसी काटेको हुन्छ । आफू खसी काट्न नसक्नेले किनेर भए पनि खान्छन् । त्यसको भोलिपल्ट वा पछि आफनो चेलीबेटी तथा भान्जा भान्जीहरूलाई नयाँ नयाँ लुगाफाटो र विभिन्न किसिमको कोसेलीहरू सहित बिदाइ गरि पछि यो पर्व यस वर्षको लागि समाप्त हुन्छ ।

यस प्रकार जितिया पर्वको महत्वपूर्ण स्थान छ । यसको बारेमा एउटा कथन नै छ । जस अनुसार कुनैपनि व्यक्ति ठूलो आपत विपत वा दुर्घटनाबाट बच्छन् भने त्यसलाई सबैले भन्ने गर्छन्, **'जो रे जो तोहर महताइ खर दिन जितिया पाथ ने रहौ ताब तु बचल्या'** अर्थात् **'तिम्रो आमा निष्ठापूर्वक शुद्ध दिनमा यो जितिया ब्रत बसेकोले गर्दा नै तिमी बाँच्न सफल भयौ'**

# जितिया पावैन

भुलाई चौधरी

थारू समाज के पावैन-तिहार में से जितिया पावैन एकटा विशेष महत्वपूर्ण पावैन् चियै । कहबियो छै :

**जितिया पावैन् बड भारी (महत्वपूर्ण)**
**धिया पुता के ठोइक सुताबे,**
**अपना ल्या भैर थारी ।।**

यै पावैन् में स्वादिष्ट, पौष्टिक तथा मन भैर नीक-नीक चीज खाईपियैके छुट भेने से जे येकर महत्व छैं से त छेवै करै, धार्मिको दृष्टि से येकर महत्व कोनो कम नै छै । ई पावैन् आपन-आपन धिया-पुता के वास्ते जरजनिजाइत सब करै छै जैसे वकर बेदरा-बेदरी चिरंजीवि, वीर, सकुशल, सफल आनन्दित तथा प्रगतिशील हेबै । तहै से येकरा जिबतिया आ जीवत्पुत्रिका ब्रत सेहो कहै छै । ई पावैन जे जनिजाइत जतहेक नियमपूर्वक, निष्ठापूर्वक तथा खर दिन करै छै वकर बाल-बच्चा या सन्तान सब वोतहेक दीर्घायु, सकुशल, वीर तथा सफल है छै । तैदुवारे जब कोनो आदमी मरै से बाल बाल बच्चै छै, बहौत कठिन बन्धन से मुक्त भ्या जाइछै तथा कठोर से कठोर दण्ड से वकरा कुछो नोक्सान नै हैछै त एका-एक लोक सब के मुँह से नीकैल जाइछै : जो-जो तों बाँइच गेलही, तोहर महताइर खर दिन जितिया पाथने छेलौ अथौत् बहौत शुभ आ पवित्र समय मे नियमपूर्वक जितिया ब्रत लेने छेलौ जै से बाँइच गेलही ।

यै पावैन मे ब्रत लैके पहौनका राइत के चरिम पहर या कौवा बज्जे से पहिने ओटघन खाईके चलन छै । जै खतिर करनिनियें राइत से विशेष किसिम के नीक-नुकुत परिकार सब तयार करै मे जनीजाइत सब लाइग जाइछै । जै से पवैनकरी सब खौमन से खेतै आ तेकर बिहान के सहैत खिन वकरा भूख पियास नै लागतै आ उ नियमपूर्वक ब्रत लै में सफल हेतै या जैसे वकर सखा-सन्तान भविष्य मे चिरंजीवि, वीर, खुशी आ पग-पग में सफल हेतै । यदि उ बन्हिया-बन्हिया परिकार बन्याके नै खेतै, बन्वै या खाइके समय में छोट नान्ह बच्चा सब बाधा करतै त उ दिन आ राइत भैर सैह के ब्रत नै लेवे सकतै । वकरा भुख-पियास सतैतै आ अन्त में वकर ब्रत भ्रष्टे भ्या जेतै । नतिजा की हेतै जे वकर जीवन सफल नै हेतै उ दर-दर के कष्ट खेतै जे चीज कोनो महताइर से देखल नै ज्या सकैछै । तहै से धिया-पुता जब छोट नान्ह रहै छै, उ सब महताइर के ओटघन बनाबैले आ खाइले बाधा करै बाला उमेर के रहै छै त वकरा महताइर सब ठोईक-ठोईकके, पुल्काइरके सुताबै छै जै से ओटघन बनाबैले आ खाइले वकरा बाल-बच्चा बाधा नै करे आ काइल्ह वकरा खराब फल नै भोगे पडै । महताईर एवम् किसिम से बाल-बच्चा के ठोइक-ठोइक सुत्याके अपना खौब खाइछै मगर आपन वास्ते नै, आपन वास्ते नै, आपन बाल-बच्चा के लेल । मगर सब बच्चा के नै ठोइक-ठोइक के सुताइल जाइछै, सुताइल जाइछै केवल बनाइले तथा खाइतकाल बाधा करै वला के मात्र । खाइ वला बच्चा के त खाइत काल जग्य जग्यके खियावै छै ।

जितिया पावैन् में खास कैरके जितमहान के पूजा करै छै । 'जित' के शाब्दिक अर्थ है छै विजय आ 'महान' के महापैध अर्थात् जित या विजय के प्रतीक भेने से यकरा थारू भषा में जितिया पावैन कहै छै । थारू समाज मे जन विश्वास छै जे जितमहान सूरूज भगवान के बेटा चियै । सूरूज भगवान जितमहान के आशीर्वाद देने छै-जे मृत भुवन में जे विवाहित जनीजाइत सब पहिने पहिने खर दिन (शुद्ध समय मे) जितिया पाथतै (ब्रत लेतै) अर्थात् सतमी तिथि शैन दिन लाइ, लह्या के खेतै आ अठमी तिथि रैब दिन-राइत उपास सहतै (निराहार रहतै) तथा नमी तिथि सोम दिन नियम निष्ठापूर्वक पारण करतै आ एवम् किसिम से जे जनीजाइत जितिया पावैन् सम्पन करतै वकर बाल-बच्चा चिरंजीवि, दीर्घायु, सफल तथा वीर हेतै ।

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

नवराजपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

भगवानपुर गाउँपालिका कार्यालय, सिरहा

कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना

कोरोना भाईरसबाट बच्ने उपायहरु :

क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।

औरही गाउँपालिका कार्यालय, सिरहा

# नागरिक समाज र स्थानीय सरकारबीचको सहकार्य

**पालिका बहस**

**स्थानेश्वर दुवाडी**

नेपालमा अहिले तिनै तहको जनप्रतिनिधीहरूले शासन संचालन गरेको अवस्था छ । नागरिकहरूको आˆनो लागि आवश्यक कानुन आफैं निर्माण गर्न पाउने अधिकारको प्रचलन भएको छ । नागरिकहरूको लामो प्रतिक्षापछि आफैंबाट निर्वाचित प्रतिनिधी मार्फत शासन गर्ने अवसर प्राप्त गर्दा नागरिकहरूले शान्ती, सुशासन र परिवर्तनको चाहना राख्नु, विकास निर्माणको कुरामा तिब्र अपेक्षा राख्नु र त्यसमा पनि स्थानीय सरकारबाट बढ्ता अपेक्षा राख्नु कुनै अस्वभाविक कुरा होईन । नागरिकहरूले लोकतन्त्रको अनुभूती गर्न सक्ने अवस्थाको सृजना गर्न निर्वाचीत जनप्रतिनिधीहरूको साथै नागरिक समाजको समेत उतिकै भूमिका र जिम्मेवारी रहन्छ ।

**स्थानीय सरकार**

स्थानीय निकाय स्थानीय सरकार हो । स्थानीय बासिन्दाको सुख:दुख सुन्ने र उनीहरूको विश्वास संस्थागत गर्ने राज्यको प्रारम्भिक संरचना स्थानीय तह हो । स्थानीय स्तरको विकासको प्रमुख जिम्मेवारी पनि स्थानीय तहकै छ । स्थानीय तहलाई निर्णय गर्ने, कार्यान्वयन गर्ने, आवश्यक नीति नियम तयार गर्ने, स्थानीय स्तरका केही विवादहरूको निरोपण गर्ने, समाजमा शान्ती, सुव्यवस्था र सद्भाव कयम गराउने, वातावरण संरक्षण गर्ने अधिकार पनि छ ।

स्थानीय साधन श्रोत व्यवस्थापन र परिचालन गर्ने स्थानीय निकायलाई नै सहज हुन्छ । स्थानीय तहले लोकतन्त्रका अवसरहरु घर आँगनमा पुऱ्याउनु पर्दछ । स्थानीय नेतृत्वको विकास गर्दै स्थानीय शासन पद्धतिलाई सुदृढगरि स्थानीय तहमा विधायिकी, कार्यकारिणी र न्यायिक अभ्यासलाई संस्थागत गर्न स्थानीय सरकारको गठन भएको हो । स्थानीय सरकारले जनभावना अनुरूप काम गर्न सकेमात्रै नागरिकहरूले साँचो अर्थमा लोकतन्त्रका लाभहरूको उपभोग गर्न सक्दछन् । नागरिक समाज,

स्वतन्त्र बुद्धिजिवीहरु, स्थानीय समाजसेवीहरु, सेवामा समर्पित संघ संस्थाहरु, स्थानीय स्तरमा गठन भएका उपभोक्ता समितिहरु आदिको समूह नै नागरिक समाज हो । नागरिक समाज लोकतन्त्रप्रति प्रतिवद्ध, मानव अधिकारका हिमायती, राजनीतिमा प्रत्यक्ष संलग्नता नभएको, अग्रगामी सुधारको पक्षपाती, राजनीतिक पार्टी, सरकार र संस्थाहरूलाई सही बाटोमा मार्गदर्शन गर्न अग्रसर आफैंमा सचेत र निष्ठाबान समूह हो । नागरिक समाज गैर राजनीतिक, स्वयंसेवी, आत्मनिर्भर, स्वायत्त र संगठित समूह हो, जुन जनहीत र सार्वजनिक विषयबस्तुसँग सरोकार राख्दछ । राज्यको हस्तक्षेप र नियन्त्रणबाट मुक्त रहन्छ । जनविरोधी कृयाकलापको विरूद्धमा आवाज उठाउनुको साथै राज्य र नागरिक बीच पुलको काम गर्दछ । आवाज विहिनहरूको आवाज बन्दछ । सरकारलाई सही बाटोमा हिंडाउन दबाबमूलक काम गर्दछ ।

**अहिलेको अवस्था**

समाजमा विकासको गति अगाडि बढाउनु, नागरिकहरूलाई लोकतन्त्रको अनुभूती गराउनु, लोकतान्त्रीक पद्दतीलाई संस्थागत विकास गर्नु, मानव अधिकारको संरक्षण गर्नु, दिगो शान्ति, सुशासन, विकास र समृद्धिको आकाँक्षा पूरागरि नागरिकको भावना बमोजिम काम गर्नु अहिलेको आवश्यकता हो ।

परिवर्तित सन्दर्भमा अहिले नागरिकहरूमा स्थानीय सरकार प्रति धेरै अपेक्षाहरु जागृत भएका छन् तर नागरिकहरूले अपेक्षाकृत सन्तुष्टि प्राप्त गर्न सकेका छैनन् । रोजगारीको लागि विदेशिने युवाहरूको संख्या दिनदिनै बढीरहेको छ । काम गर्ने मानिसको अभावमा ग्रामीण भेगमा खेतीगर्ने जमिन बाँझो रहेका छन् । लैङ्गिक हिंसाका घटनाहरूमा कमी आउन सकेको छैन ।

यौन दुर्व्यवहार, बलात्कारका घटनाहरु बढीरहेका छन् । जेष्ठ नागरिकहरु हेंला र तिरस्कारको सिकार भएका छन् । पतिपत्नी बीच सम्बन्ध बिच्छेदका घटनाहरु बढीरहेका छन् । स्वास्थ्य सेवामा नागरिकहरूको सहज पहुँच पुग्न सकेको छैन । लागूपदार्थको दुर्व्यसन दिन प्रतिदिन बढेको छ । यस अवस्थामा स्थानीय सरकारले नागरिकको भावनालाई आत्मसाथ गर्दै जनचाहना बमोजिम काम गर्नु निकै चुनौतीपूर्ण रहेको छ । नागरिकहरूको बीचमा आपसी विश्वास र सद्भाव अभिवृद्धि गर्दै नागरिकहरूको भावना बमोजिम स्थानीय सरकारका कार्यहरु संचालन गर्ने, स्थानीय सरकार र नागरिकहरूको बीचमा पुलको काम गर्ने, लोकतन्त्रको सुदृढिकरण र संस्थागत विकासको लागि स्थानीय निकाय र नागरिक समाज बीचको सहकार्य अत्यन्त महत्वपूर्ण अवसर हो ।

**नागरिक समाजसँग सहकार्य किन ?**



नागरिक समाजले राजनैतिक दल र प्रशासन यन्त्रलाई नागरिक प्रति उत्तरदायी बनाउने काम गर्छ । सुशासनको प्रत्याभूती गराउन क्रियाशिल रहन्छ । राज्य तथा राजनैतिक दलहरूलाई उनीहरूको जिम्मेवारी प्रति घच्घच्याउने काम गर्छ । राजनीतिलाई जनउत्तरदायी बनाउन क्रियाशिल रहन्छ । गैससलाई स्वच्छ राख्ने प्रयत्न गर्छ । सामाजिक विकृति विसंगती विरूद्ध आवाज उठाउने काम गर्छ । निजी क्षेत्रमा सेवा र मुनाफालाई आदर्श बनाउन दबाब दिने काम गर्छ । संचार क्षेत्रलाई कमजोर वर्गको साथी र राज्यलाई घच्घच्याउने साधनको रूपमा लैजान प्रयास गर्छ । प्रजातान्त्रीकरणको लागि रचनात्मक वातावरण तयार गर्ने र कमजोर वर्गको पीडा सार्वजनिक गर्ने काम नागरिक समाजले गर्दछ । स्थानीय तहले सुशासन कायम गर्न, विकासको गतिलाई तिब्र पार्न, नागरिकहरूलाई परिवर्तनको अनुभूती गराउन, विभिन्न सरकारी एवं गैरसरकारी निकायहरूबाट नागरिकहरूलाई उपलब्ध हुने सेवा सुविधालाई प्रभावकारी बनाउन, समाजमा रहेका जातीय विभेद, बोक्सीको आरोप जस्ता परम्परागत अन्धविश्वास र रूढीवादलाई अन्त्य गर्न र आम नागरिकहरूले मैले भयमुक्त वातावरणमा मैले मेरा अधिकारहरु उपभोग गर्न पाउँछु भन्ने विश्वास गर्ने वातावरण तयार गर्नसके साँचो अर्थमा नागरिकहरूले लोकतन्त्रको अनुभूती गर्न सक्ने भएको हुँदा र यसको लागि स्थानीय निकाय र नागरिक समाज बीचको सहकार्य अत्यन्त आवश्यक छ ।

**सहकार्यको अवसर**

लोकतन्त्रको संस्थागत विकास र सुशासन नागरिक समाज र स्थानीय सरकारको साझा एजेण्डा रहेको, नागरिक समाज स्थानीय सरकारलाई मजबुत बनाउन, स्थानीय स्तरबाटै लोकतन्त्रको संस्थागत विकास गर्न तयार रहेको, नागरिक समाजले स्थानीय सरकारलाई सचेत गराउने र जन भावना अनुकूल काम गर्न दबाब दिने भएको कारण स्थानीय सरकार र नागरिक समाज बीच सहकार्य आवश्यक छ ।

**सहकार्यका चुनौती**

स्थानीय सरकार नागरिक समाज बीचको सहकार्य जति महत्वपुर्ण छ उतिकै चुनौतीपूर्ण पनि छ । सहकार्यले एकातर्फ स्थानीय जनप्रतिनिधीहरूले नागरिक समाजबाट आˆना कार्यक्रमहरूमा हस्तक्षेप गरेको महशुस गर्न सक्ने अवस्था आउन सक्छ भने अर्कोतर्फ नागरिक समाजको आˆनो स्वतन्त्र पहिचानमा कमी कमजोरी आउन सक्छ । नागरिक समाजले जुन हैसियतमा स्थानीय सरकारलाई खबरदारी गर्नुपर्ने हो त्यसमा कमी कमजोरी आउन पनि सक्छ । स्थानीय सरकार र नागरिक समाजले एक अर्कोको कमजोरी देख्ने तर सहकार्य आवश्यक नदेख्ने हुनसक्छ ।

**निष्कर्ष**

स्थानीय सरकार र नागरिक समाज बीचको सहकार्यले समाजमा विकासको गति अगाडि बढ्छ । स्थानीय सरकारलाई आवश्यक मानवीय श्रोत नागरिक समाजले उपलब्ध गराउन सक्छ । स्थानीय तहमा निर्णयको अधिकार छ । स्थानीय व्यक्तिहरूनै स्थानीय प्रतिनिधी भएको कारण स्थानीय समस्याको बारेमा जानकार छन् । नागरिक समाजसँगको सहकार्यले स्थानीय सरकारलाई स्थानीय साधन श्रोत व्यवस्थापन र परिचालन गर्न सहज हुन्छ । स्थानीय सरकार अनुगमन, मूल्यांकन र नियमनकारी निकाय पनि हो नागरिक समाजसँगको सहकार्यले यसमा मद्दत पुग्छ ।

स्थानीय स्तरमै लोकतन्त्रलाई सुदृढ बनाउनु र शान्ति सुव्यवस्था कायम गर्नु स्थानीय सरकार र नागरिक समाजको सवाल साझा हो । स्थानीय सरकार र नागरिक समाजले हिजो लोकतन्त्र प्राप्तीमा सबैको योगदानलाई बिर्सन हुँदैन । सहकार्यले एक अर्कोलाई बल पुग्छ । सहकार्यले नागरिकहरूको भावना समेटिन्छ । स्थानीय सरकारमा नागरिकहरूको पहुँच वृद्धि हुन्छ । नागरिकहरूले परिवर्तनको अनुभूती गर्न सक्छन् ।

## मिर्चैया ...

गर्ने उल्लेख गरिएको छ । मिर्चैया नगरपालिकाका मेयर श्रवण कुमार यादवको निर्देशनमा नगरपालिकाले नियमित रूपमा सार्वजनिक गर्नुपर्ने सूचनाहरू लुकाएर चरम भ्रष्टाचार गर्न लागेको आरोप उनीहरूको छ ।

पदीय मर्यादालाई दुरूपयोग गर्दै मेयर यादवले आफू अनुकूल नीति, नियम तथा ऐनलाई अपव्यख्या गरेर भ्रष्टाचार गर्ने गरेको नेपाल कम्युनिष्ट पार्टीका जीवछ साहले बताए । योजना संचालन हुने स्थानका उपभोक्ताको प्रत्यक्ष सहभागीतामा उपभोक्ता समिति गठन गर्ने प्रावधान छ तर मेयर यादवले त्यसलाई बेवास्ता गर्दै अधिकांश योजनाका उपभोक्ता समितिमा अन्य ठाउँका आफू अनुकूलका व्यक्तिहरूलाई राखेर मोटो रकम नजराना असुल्ने गरेको आन्दोलित संघर्ष समितिको आरोप छ ।

नगरपालिकाबाट संचालन भएको योजनाहरूको विस्तृत विवरण सहितको जानकारी लिन लिखित निवेदन दिएर पटक पटक ताकेता गर्दा पनि बनाबटी कारण देखाएर मेयर यादवले समय टार्दै आएको स्थानीय नेता अजय कुमार साहको आरोप छ । सूचना दियो भने मेयरले गरेको भ्रष्टाचारको पोल खुल्ने भएर सार्वजनिक गर्नुपर्ने सूचनाहरू समेत लुकाउन लागि परेको उनको आरोप छ ।

'मेयर हुनुभन्दा अगाडि मोहनमाविको अध्यक्ष थियो,' नेकपाका प्रदिप महासेठले भने, 'त्यो बेला विद्यालयमा गरेको अनियमितता ढाकछोप गर्न मेयरको मर्यादालाई बिर्सेर गैर अभिभावकको बलमा मेयर श्रवण यादव आफै व्यवस्थापन समितिको अध्यक्ष बने ।' विद्यालय व्यवस्थापन समितिलाई नै निर्माण समितिमा परिणत गरेर विद्यालयमा चरम भ्रष्टाचार गर्दै आएको उनको दाबी छ ।

नगरक्षेत्रभित्रको सार्वजनिक जग्गा व्यक्तिको नाउँमा तथा मेयरले अनुचित लाभ लिनु, मोहन माविको जग्गालाई व्यक्तिगत रूपमा प्रयोग गर्नु, आफ्ना नजिकका व्यक्तिलाई उपभोक्ता समितिमा राखेर सो काम पेटीमा ठेकेदारलाई दिनु लगायतका गतिविधिबाट मेयरको भ्रष्टाचारी नीति प्रष्ट भइरहेको राष्ट्रिय प्रजातन्त्र पार्टीका केन्द्रिय सदस्य रामप्रताप साहले दाबी गरेका छन् । मिर्चैया नगरपालिकाका मेयरले गर्ने गरेको नियम विपरितका कार्यलाई रोक्न तथा सच्याउनका लागि सर्वदलिय रूपमा पहिलो चरणको आन्दोलनका कार्यक्रम मार्फत सांकेतिक दबाब मात्र दिएको जनता समाजवादीका रामेश्वर यादवले बताए ।

**'चुनाव हारेको इख पोख्नु बाहेक केही सत्यता छैन्' : मेयर यादव**

कोभिड-१९ को बढ्दो संक्रमणको मौका छोपेर विपक्षीहरूले चुनावी हारेको इख साध्न दाउ लगाउनु बाहेक आन्दोलनकारी पक्षको भनाइ र आरोपमा कुनै सत्यता नभएको मिर्चैया नगरपालिकाका मेयर श्रवण कुमार यादवले बताए । 'मागिएको सूचना तथा जानकारीको अधिकांश कागजात तयार छ । कोभिडमा लाग्नु परेको कारण केही समय लाग्न गयो', मेयर यादवले भने, 'कोभिडको बढ्दो संक्रमणको यो बेलामा जनताको सेवा गर्नुको साटो स्थानीय सरकार विरूद्ध चुनाव हरूवाहरूले नानाथरीका बखेडाबाजी सुरू गरेको छ ।'

अहिले स्वास्थ्य सुविधाको व्यवस्था, विपन्न गरिबको राहत व्यवस्थापन तथा कोरोनाको कारण मृत्यु हुनेको शव व्यस्थापन गर्दै कोरोनाको चपेटाबाट नगरलाई कसरी बचाउने भनेर विमर्शका साथ अघि बढ्न थालेको स्थानीय सरकारलाई सबै मिलेर सहयोग गर्नुको साटो असहयोग गर्दै आएको उनको दाबी छ ।

प्रक्रियाबाट आउट भएर ठेक्का नपाएका, राजनीतिक पूर्वाग्राही भएका, चुनावमा हार खाएकाहरूले समूह बनाएर नगरपालिकाले गर्दै आएको राम्रो कामलाई देख्न नसकेर विफल बनाउने सोच राखेर बेतुकको आन्दोलन तथा जालझेल सुरू गरेको मेयर यादवको भनाइ छ ।

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**सखुवानन्कारकट्टी गाउँपालिका कार्यालय, सिरहा**

**कोरोना भाइरस संक्रमण सम्बन्धी अत्यन्त जरुरी सूचना**

**कोरोना भाईरसबाट बच्ने उपायहरु :**

**क) भिडबाट बच्ने । ख) हिडडुल गर्दा माक्सको प्रयोग गरौं ।ग) साबुन पानीले नियमित हात धोउँ । घ) दही, दुध, घ्यु, पनिर आदिको सेवन गरौं । ङ) एक आपसमा अभिवादन गर्दा नमस्ते गरौं । च) एक आपसमा शारिरिक दुरी कायम राखौं । छ) खोक्दा वा हाच्छ्यु गर्दा अगाडीको व्यक्तिको विपरित दिशामा आफ्नो मुख छोपौं । ज) रोग संक्रमण लागेको शंका लागेमा स्वास्थ्य तथा रोग नियन्त्रण कार्यालयको कल सेन्टरमा नं.१३३९ मा जानकारी दिनु तथा चिकित्सक सित सम्पर्क गरौं । झ) दैनिक रुपमा पानी तताएर मात्र प्रयोग गरौं । ञ) कोरोना भाईरसको संभावित जोखिमबाट बच्न कुनै किसिमको ठूलो सभा, जुलुस, मेला, आदि नगर्न नगराउनको लागि अनुरोध छ ।**

**धनगढीमाई नगरपालिका कार्यालय, सिरहा**

लहानपोस्ट् दैनिकका लागि प्रकाशक : भरत जर्घामगर, सम्पादक : शम्भु कुमार यादव, कानुनी सल्लाहकार : सन्तोष सुवेदी कम्प्यूटर ले-आउट : महेन्द्र प्रसाद चौधरी
कार्यालय :लहान नगरपालिका-१०, सिरहा फोन नं. ०३३५६१९६७, ९८५२८२४९६७, ९८५२८३९३१५ website : www.lahanpost.com , e-mail : lahanpost@gmail.com मुद्रक : न्यू यदुवंशी अफसेट प्रेस, लहान,(सिरहा)